का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ माघ २०८२
शुक्रबार
30 January 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक ८। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

कभर स्टोरी

# शहीदको सपनामाथि सधैं राजनीति

*रोटे पिङझैं एउटा आन्दोलनपछि अर्को आन्दोलन र अर्को आन्दोलनपछि फेरि आन्दोलनकै नीति बनाउने नियतिमा नेपाल छ । जहाँ शहीदका सपनाको व्याख्या राजनीतिको केन्द्रमा रहँदै आएको छ । जेनजी शहीदको सपनामाथि पनि आआफ्नै ढंगले व्याख्या गर्दै भाष्य स्थापित गर्नमा नयाँ र पुराना दलहरु तल्लीन छन् । परिणाममा सुशासन स्थापना र समृद्धिको रोडम्याप खोज्ने शहीदको सपना ओझेलमा परेको छ ।*

**मध्यान्ह टिम**
काठमाडौं, १५ माघ

गृह मन्त्रालयका सहसचिव एवं प्रवक्ता आनन्द काफ्लेका अनुसार प्रत्येक वर्ष शहीदको सपना के थियो र कति उपलब्धि हासिल भयो भनेर स्मरण गर्ने गरिएको छ । यसकै निम्ति शहीद दिवस मनाउने गरिएको हो ।

सहसचिव काफ्ले मध्यान्हसँग भने, 'शुक्रबार शहीद दिवसका अवसरमा काठमाडौं महानगरपालिकाले विशेष कार्यक्रमको आयोजना गरेको छ । त्यसमा प्रधानमन्त्री सुशीला कार्कीलगायत उच्च पदस्थ अधिकारीहरूको सहभागिता रहनेछ ।' जहाँ शहीदको सपनाको स्मरण गरिनेछ । गृह मन्त्रालयका अनुसार नेपालमा शहीदको संख्या साढे १४ हजार छ । प्रजातान्त्रिक आन्दोलन खण्डखण्डमा हुँदा धेरैले बलिदानी दिनुपरेको हो । प्रत्येक बलिदानीको उपलब्धि त्यही रूपमा कार्यान्वयन हुन सकेको छैन । परिणाममा प्राप्त उपलब्धि खोस्ने र अगाडि बढ्न खोज्ने शक्तिको राजनीतिले नेपालमा हजारौं शहीद पुगेका हुन् ।

एकपछि अर्को आन्दोलनको उपलब्धि बचाउने र पछाडि फर्काउने प्रयासमा शहीदको सपना के थियो ? भनेर बहस हुँदै आएको छ । शहीदको सपनालाई देखाएर शासनसत्तामा पुग्नेहरूका व्यवहार पनि प्रश्नको घेरामा रहँदै आएका छन् । अर्थात्, नेपालमा शहीदको सपनामाथि नै राजनीति चलिरहेको छ ।

### २००७ को उपलब्धि २०१७ मा हरण

शहीद भन्नेबित्तिकै धेरैले सम्झिने भनेका चार जना शहीद हुन्- शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठ । यी चारै जना जहानियाँ राणा शासनविरुद्ध लडेका थिए । उनीहरूको सपना नेपालमा प्रजातन्त्र ल्याउनु थियो । २००७ सालमा नेपालमा प्रजातन्त्र आयो ।

शहीदले सपना देखेजस्तै आन्दोलनको बलमा १ सय ४ वर्ष राणा निरंकुश शासनको अन्त्य भयो । तर जनतालाई बोल्ने, लेख्ने, संगठित हुने अधिकार दिने विषयमा फेरि राजनीति सुरु भयो । २०१५ सालमा आमनिर्वाचन भएर जननिर्वाचित सरकार बन्यो । तर त्यसले निरन्तरता पाउन सकेन । २०१७ सालमा तत्कालीन राजाबाट प्रजातन्त्र हरण भयो । शहीदको सपना राजसंस्था कमजोर पार्ने होइन भन्ने तत्कालीन राजपरिवारको जिकिर रह्यो । तर दलहरूले त्यसलाई स्वीकारेनन् । परिणाममा दलमाथि प्रतिबन्ध लाग्यो, जननिर्वाचित सरकार अपदस्त गरेर पञ्चायती शासन व्यवस्था सुरु भयो । शहीदका सपना के हुन् र होइनन् भन्ने बहस गर्दै ३० वर्ष पञ्चायती शासन व्यवस्था टिकाउन सफल भए । पञ्चायती शासनविरुद्ध नागरिकमा आक्रोश बढ्दै थियो र त्यसलाई राजनीतिक दलहरूले पनि मलजल गर्दै थिए । त्यस समयमा राजनीतिक दल पञ्चायतले शहीदको सपना हरण गरेको भन्दथे भने पञ्चायत पक्षधरहरू शहीदको सपना राणा शासनको अन्त्य मात्रै थियो भनेर तर्क गर्दथे ।


शुक्रराज शास्त्री


गंगालाल श्रेष्ठ


दशरथ चन्द


धर्मभक्त माथेमा

## सर्वस्वीकार्य चार शहीद

पहिलो शहीद लखन थापा हुन्, वा बाकावीरदेखि विभिन्न आन्दोलन र विद्रोहमा अहिलेसम्म शहीदको सूचीमा हजारौंको नाम दर्ज छ । तर शहीद भन्नासाथ धेरैको आँखामा आउँछन्, १९९७ सालमा चार शहीद- शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठ । जहानियाँ राणा शासनविरुद्ध आवाज उठाएकै कारण ज्यान गुमाएका यिनै चार जनालाई नेपाली समाजले आज पनि निर्विवाद शहीदका रूपमा बुझ्छ, सम्मान गर्छ ।

१९३३ साल फागुन २ गते जंगबहादुर राणाविरुद्ध प्रचार गरेको आरोपमा लखन थापामगरलाई गोरखामा झुन्ड्याएर मृत्युदण्ड दिइएको थियो । उनको हत्या गरिएको १ सय ३९ वर्षपछि २०७२ असोज ३ गते उनलाई औपचारिक रूपमा शहीद घोषणा गरियो । उनीसहित सरकारले अहिलेसम्म झन्डै साढे १४ हजार व्यक्तिलाई शहीद घोषणा गरिसकेको छ । दुर्भाग्य, तिनको अहिलेसम्म एकीकृत तथ्यांकसम्म छैन । राजपत्रमा प्रकाशित सबै विवरणसमेत गृह मन्त्रालयले संकलन गरेर राखेको छैन । ती घोषणा राज्यद्वारा दिइने राहतमा मात्रै सीमित हुँदा शहीदको सम्मान हुन सकेको छैन । कतिसम्म भने २०६२/६३ को राजनीतिक परिवर्तनपछि दलीय झडप वा दुर्घटनामा ज्यान गुमाउनेलाई समेत शहीद घोषणा गर्न आन्दोलन भए । त्यसले सरकारद्वारा शहीद घोषणा गरिएका पात्रप्रति आमनागरिकको सम्मान रहेन । दलपिच्छेका सरकारका शहीद घोषणा विवादमा पर्दै भए । खासगरी, माओवादी सशस्त्र विद्रोहका क्रममा राज्यबाट मारिएका विद्रोही, माओवादीबाट मारिएका राजनीतिक कार्यकर्ता र सुरक्षाकर्मी सबै शहीदको सूचीमा परे । 'पार्टीले जथाभावी शहीद घोषणा गर्न थालेपछि वास्तविक शहीदप्रतिको सम्मान पनि ओझेलमा पर्‍यो' इतिहासकार महेशराज पन्त भन्छन्, 'त्यस्तो अवस्थामा निर्विवाद शहीदले मात्र सम्मान पाउने भए । सबैले स्वीकार्ने शहीद त १९९७ सालका चार शहीद मात्र भए । त्यसैले उनीहरूले जस्तो सम्मान अरूले पाएनन् ।'

यसबीचमा शहीदको मापदण्ड तय गर्न दुईवटा आयोग पनि बने ।

**१९३३ फागुन २**
लखन थापा, जसलाई जंगबहादुर राणाविरुद्ध प्रचार गरेको आरोपमा झुन्ड्याइयो ।
(शहीद घोषणा : २०७२ असोज ३)

**१९९७ माघ १०–१५**
माघ १० : शुक्रराज शास्त्री (टेकु)
माघ १३ : धर्मभक्त माथेमा (सिफल)
माघ १५ : गंगालाल श्रेष्ठ र दशरथ चन्द (शोभा भगवती)

**२०४६ प्रजातन्त्र पुनर्स्थापना आन्दोलन**
१९ शहीद घोषणा
जनही १ लाख सहयोग

**२०६२/६३ दोस्रो जनआन्दोलन**
२६ शहीद
परिवारलाई १० लाख सहयोग

**शहीद घोषणा**
२०६५ पुस ९ : ६,३४४ शहीद
२०६७ असार ९ : १,६१९ शहीद

**२०७४ माघ ३**
विभिन्न आन्दोलनका
१९० शहीद घोषणा
सुरक्षाकर्मी शहीद : २,८०७

**२३–२४ भदौ २०८२**
जेनजी आन्दोलन
शहीद घोषणाः ४५
२०८२ कात्तिक १७

>>> विस्तृत पृष्ठ २ मा

# मधेशमा प्रभाव बढाउँदै गगन



**जीवन शर्मा मध्यान्ह**
काठमाडौं, १५ माघ

नेपाली कांग्रेसका सभापति गगन थापाको आगमनले सर्लाही-४ को चुनावी माहोल एकाएक तातेको छ । संसदीय राजनीतिमा कांग्रेसको दबदबा रहेको सो क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वतमान सांसद अमरेश सिंहसहित ३९ उम्मेदवार मैदानमा छन् । नेपाली कांग्रेसबाट गगनकुमार थापा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट अमरेशकुमार सिंह नेकपा एमालेबाट अमनिशकुमार यादव, नेपाली कम्युनिस्ट पार्टीबाट रजनीश राय र जनता समाजवादी पार्टी (जसपा)बाट रामेश्वर राय यादव चुनावी मैदानमा छन् ।

एमालेबाट प्रभावशाली नेता शिवपुजनका छोरा अमनिशकुमार यादव र अमरेशको शक्ति प्रदर्शन हुने यो क्षेत्रमा कांग्रेस सभापति थापाको प्रवेशले निर्वाचन अझै रोचक हुने देखिएको छ । यद्यपि विगतका अधिकांश निर्वाचनमा कांग्रेसकै बाहुल्यता रहेको सो क्षेत्रमा गत २०७९ को आमनिर्वाचनमा स्वतन्त्र उम्मेदवार अमरेशले जितेका थिए । उनी त्यसअघिसम्म कांग्रेसकै उम्मेदवार भएर जित्दै आएका थिए । यतिबेला कांग्रेस उम्मेदवार थापा, रास्वपा उम्मेदवार सिंह, एमाले यादव जोडतोडका साथ घरदैलो अभियानमा छन् । बाँकी उम्मेदवारले बाक्लो उपस्थिति देखिएको छैन ।

पहिलो चरणको अभियान सकेर थापा आज काठमाडौं फर्किने कार्यतालिका छ । उनले सर्लाही-४ का ५२ वडामै निर्वाचन परिचालन समिति गठन गरेर पार्टीलाई नै मैदानमा उतार्ने रणनीति तय गरेका छन् । पहिलो चरणमा उनले कार्यकर्ता र मतदाताका कुरा सुन्ने र दोस्रो चरणमा आफ्ना कुरा भन्ने थापाको योजना छ । थापाले बुधबार मात्रै गोडैता नगरपालिकाका पाँच जना वडाध्यक्ष नेपाली कांग्रेसमा प्रवेश गराएका छन् । नेकपा एमालेका दुई माओवादीका दुई र जसपाका एक गरी पाँच जना वडा अध्यक्ष नै कांग्रेसमा प्रवेश गरेकाले पनि थापालाई पक्षमा बढेको नेताहरूले बताएका छन् ।

थापाले सर्लाही-४ का सबै पालिकामा छलफल गरी समस्या टिपोट गरिरहेको कांग्रेस मधेस प्रदेश उपसभापति तथा प्रदेश सांसद वीरेन्द्र सिंहले बताए । यस्तै, रास्वपा उम्मेदवार सिंहका निकटस्थलाई नै उनले आफ्नो पक्षमा उभ्याएका छन् । डा. रमेश सिंह, केदारनन्दन चौधरी, सीताराम सिंह, श्याम साह, अनिता यादव, राजनारायण कुशवाहा, मनोजप्रसाद सिंह, डा. कमलेश सिन्हा अमरेशको साथ छोडेर कांग्रेस उम्मेदवार थापाको पक्षमा उभिएका छन् । यसले थापाका पक्षमा माहोल बढेको >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# कोरियामा रहेका नेपालीको समस्या समाधानबारे गम्भीर छलफल

काठमाडौं/रासस- दक्षिण कोरियाका लागि नेपाली राजदूत डा. शिवमाया तुम्बाहाम्फेले दक्षिण कोरियामा रहेका नेपाली विद्यार्थी तथा श्रमिकहरूले भोगिरहेका समस्या र तिनको समाधानका उपायबारे पनि गहन छलफल गरेकी छन् ।

बिहीबार दक्षिण कोरियाको सियोलस्थित नेपाली दूतावासमा नेपालका अवैतनिक वाणिज्यदूत सुन-ह्युन जिओनसँग भएको शिष्टाचार भेटमा उक्त छलफल भएको हो । विशेषगरी दक्षिण कोरियाको ग्वाङ्जु क्षेत्रमा रहेका नेपाली विद्यार्थीका लागि बिमालगायतका सामाजिक सुरक्षासम्बन्धी सेवाहरू कसरी अझ सहज, सरल, किफायती र पहुँचयोग्य बनाउन सकिन्छ भन्ने विषयमा पनि राजदूत तुम्बाहाम्फेले अवैतनिक वाणिज्यदूत जिओनसँग छलफल गरी समन्वय तथा सहकार्य गर्न आग्रह गरेकी छन् ।

उनीहरूबीच कोरियामा कार्यरत नेपाली श्रमिकहरूको हकहित संरक्षण तथा समस्या समाधानमा दूतावास र अवैतनिक वाणिज्यदूतबीचको सहकार्यलाई अझ प्रभावकारी बनाउने विषयमा समेत छलफल भएको जनाइएको छ । भेटमा नेपाल-कोरियाबीचको कूटनीतिक सम्बन्ध, आपसी सहकार्य तथा आर्थिक >>> पृष्ठ २ मा

## पोर्चुगलको पोर्तो क्षेत्रमा कन्सुलर सेवा

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, १५ माघ

पोर्चुगलको राजधानी लिस्बनस्थित नेपाली दूतावासले पोर्तो क्षेत्रमा बसोबास गर्ने नेपालीलाई राहदानी नवीकरण तथा कागजात प्रमाणीकरणसम्बन्धी 'कन्सुलर' सेवा प्रदान गरेको छ ।

दूतावासले पोर्तोको भिला नोभा दि गइयामा दुईदिने घुम्ती शिविर आयोजना गरेर सो क्षेत्रमा रहेका नेपालीलाई राहदानी नवीकरण तथा कागजात प्रमाणीकरणसम्बन्धी 'कन्सुलर' सेवा प्रदान गरेको हो ।

घुम्ती शिविरबाट ५० जना नेपालीको विद्युतीय राहदानी (ई-पासपोर्ट)का लागि जैविक विवरणसहितको आवेदन संकलन गरिएको दूतावासले जनाएको छ । शिविरबाट आठ जनाको प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) प्रमाणीकरण, १३ जनाको अन्य कागजात प्रमाणीकरण, ५० जनाको राहदानी >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com

१६ माघ २०८२ शुक्रबार
30 January 2026 Friday

# शहीदमाथि सधैं राजनीति

### २०४६ पछि 'राजा'को स्वीकार्यतामा प्रश्न

२०४६ सालमा भएको जनआन्दोलनले पञ्चायती शासन व्यवस्था ढाल्यो । तर राजसंस्था जीवितै राख्यो । त्यसबेलाको उपलब्धिका रूपमा जनतालाई बोल्ने, लेख्ने, संगठित हुने अधिकार प्राप्त भएको रूपमा अर्थ लगाइयो । जबकि २००७ सालकै परिवर्तनका लागि ज्यानको आहुती दिएका शहीदहरूले प्रजातन्त्र खोजेका थिए । प्रजातन्त्रमा जनतालाई बोल्ने, लेख्ने, संगठित हुने अधिकार स्वतः प्राप्त हुने विश्वास हुन्छ ।

अर्थात् पञ्चायती व्यवस्था अन्त्य, बहुदलीय प्रजातन्त्र पुनर्स्थापना र संविधान निर्माणको माग राखेर बलिदानी दिएका शहीदका सपना के हुन् र कसरी सम्बोधन गर्ने भनेर दुईखाले बहस भयो । पञ्चायती व्यवस्था ढलेपछि फेरि शहीदको सपना बोल्ने, लेख्ने, संगठित हुने अधिकार प्राप्त गर्नु थियो भनेर एकथरीले बहस गरे । जो ठुलो संख्यामा थिए र राजसंस्था स्वीकार गरेर २०४७ मा संविधान बनाए ।

कोही व्यक्ति जन्मेकै आधारमा राजा हुने कोही प्रजा हुने विषय शहीदको सपना थिएन भने अर्कोथरी बहस भयो । दोस्रो थरी मत राख्नेहरूले २०५२ सालमा सशस्त्र युद्ध नै सुरु गरे । १० वर्षसम्म चलेको तत्कालीन नेकपा माओवादीको जनयुद्ध र २०६२/६३ सालको आन्दोलनले राजसंस्थालाई सदाका लागि अन्त्य गरिदियो । यससँगै शहीदको सपना राजसंस्था स्वीकार गर्ने वा नगर्ने भन्ने बहसलाई समाप्त पारिदियो । फेरि पनि शहीदको सपना के हो ? भनेर बहस रोकिएको छैन ।

### व्यवस्था परिवर्तन कि अवस्था ?

२०६२/६३ सालको जनआन्दोलनले राजतन्त्रात्मक शासन व्यवस्था बदलेर मुलुकलाई संघीय लोकतान्त्रिकत गणतन्त्रात्मक शासन व्यवस्थामा बदल्यो । शासन व्यवस्था बदलिएसँगै जननिर्वाचित संविधान सभाले ८ वर्ष लगाएर २०७२ सालमा संविधान जारी गऱ्यो । कागजमा अधिकार पाए तापनि नागरिकले व्यवस्थामा महसुस गर्न सकेनन् । त्यसपछि नेपालमा फेरि बहस सुरु भयो- शहीदको सपना व्यवस्था परिवर्तन हो कि अवस्था ? यस्तो बहस चलिरह्यो तर नेपालीहरूको अवस्था विश्यका कैयन मुलुकहरूको तुलनामा पछाडि नै रहेको तथ्य लुक्ने कुरै भए । सूचना र प्रविधिको विकासले अन्य मुलुकको अवस्था र आफ्नो अवस्था तुलना गर्नसमेत मद्दत गरिदियो ।

व्यवस्था परिवर्तन भएपछि स्वतः अवस्थामा समेत परिवर्तन आउने शहीदको सपना थियो । तर अपेक्षित गतिमा आर्थिक विकासले गति लिन सकेन । उद्योगधन्दा खोलिएनन् र रोजगारी सिर्जना हुन सकेन । रोजगारीका लागि विदेश जानुपर्ने बाध्यता कायमै रह्यो । विकास गर्दै अगाडि बढिरहेको एकथरीको तर्क र शहीदको सपनाअनुसार काम नगरेको अर्कोथरीको बुझाइबीच मुलुक १० वर्षसम्म रुमल्लियो । स्थिर सरकार हुँदा, बलियो सरकार बन्दा नागरिकको अवस्थामा परिवर्तन हुन सक्ने अपेक्षा पनि पूरा नभएपछि २०८२ सालमा नवयुवा पुस्ताले आन्दोलन गरे । जसमा ४५ जना शहीद भएका छन् ।


### जेनजी शहीदको सपना के ?

२१ फागुनका लागि तय भएको निर्वाचनमा फेरि पनि शहीद सपना पूरा गर्ने नेतालाई जिताउनुपर्छ भन्ने प्रचार बढ्दो छ । शहीदको सपना के हो र त्यो कसरी पूरा गर्ने भन्ने एजेन्डाभन्दा ज्यादा नयाँ व्यक्ति र नयाँ दल भन्ने एजेन्डा खोजिएको हो कि पात्र भन्ने बहस छ ।

अर्थात् फेरि पनि जेनजी शहीदको सपना के थियो भन्ने बहस छ । कि शहीदले नयाँ पात्र खोजेका हुन् कि देश विकासको नयाँ एजेन्डा ? यसमा बहस केन्द्रित छैन । एकाथरी शहीदको सपना हेरेर भोट हाल भनिरहेका छन् । यस्तो भन्नेहरू नयाँ दल र नयाँ दलका उम्मेदवार शहीदको सपना पूरा गर्न सक्ने पात्र हुन् भनिरहेका छन् । तर तिनले कसरी काम गर्छन् भन्ने प्रस्ट भन्न सकिरहेका छैनन् । अर्कोथरी शहीदले देश बनाउने विचार र सिद्धान्तसहितको आर्थिक नीति खोजेको तर्क गरिरहेका छन् । यस्तोमा पुराना राजनीतिक दल छन् । उनीहरू बिनाएजेन्डा चुनाव जितेर केही नहुने भनेर तर्क गरिरहेका छन् ।


यसपटक २००७ साल र २०४६ सालको परिवर्तनपछि राजाको स्वीकार्यताको विषय छैन । २०६३ सालको परिवर्तनपछिको जस्तो व्यवस्था परिवर्तनलाई संस्थागत गर्ने विषय छैन । यसपटक पुराना दलका नेताहरूप्रतिको विश्वसनीयताको प्रश्न छ । जेनजी आन्दोलनको अपनत्वको विषय छ । फेरि पनि जेनजी शहीदले खोजेको भ्रष्टाचार नियन्त्रण र सुशासनको एजेन्डा कसरी पूरा गर्ने भन्ने छैन । पुराना दलको स्वीकार्यता कि नयाँ भन्ने छ । यसले शहीदको सपना ओझेलमा पारेको छ । शहीदको सपनामाथि आ-आफ्नै ढंगले व्याख्या गर्दै भाष्य स्थापित गर्नमा नयाँ र पुराना दल तल्लीन छन् । जसले फेरि पनि सुशासन स्थापना र समृद्धिको रोडम्याप कसरी कोर्ने भन्ने विषय ओझेलमा छ ।




















### सर्वस्वीकार्य...

तर ती आयोग पनि टुंगोमा पुग्न सकेनन् । माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सरकारले एकसाथ २०६५ पुस ९ गते 'जनयुद्ध'मा मारिएका ६ हजार ३ सय ४४ व्यक्तिलाई एकमुष्ठ शहीद घोषणा गऱ्यो । त्यसको चार महिनापछि उनको सरकार ढल्यो र तत्कालीन एमाले नेता माधवकुमार नेपालको नेतृत्वमा कांग्रेस-एमालेको सरकार बन्यो । सो सरकारले माओवादी पालामा एकमुष्ठ शहीद घोषणाले उत्पन्न अन्योल चिर्न र शहीदको मापदण्ड बनाउन २०६६ मंसिर १६ मा वामपन्थी नेता मोदनाथ प्रश्रितको नेतृत्वमा आयोग गठन गरियो । आयोगले सबैलाई वीर शहीद मान्न नसकिने भन्दै सचेत बलिदानलाई शहीद मानिनुपर्छ निष्कर्ष निकाले पनि त्यो कार्यान्वयन भएन । आयोगले शहीदको वर्गीकरणसमेत गऱ्यो । पहिलो श्रेणीमा मर्छु भन्ने थाहा हुँदाहुँदै, छातीमा गोली थाप्ने, देश र जनताका लागि बलिदान दिनेलाई राखियो । त्यस्तै, दोस्रोमा परिस्थितिजन्य शहीद भन्दै आन्दोलनमा संलग्न हुने क्रममा मारिनेलाई राखियो । अर्को, कर्तव्यपालनमा मृत्युलाई अर्को श्रेणीमा राखियो । त्यसमा सुरक्षाकर्मी पर्छन् । लगत्तै, २०६८ मा बाबुराम भट्टराई नेतृत्वको सरकारले नवराज सुवेदी नेतृत्वमा पुनः अर्को आयोग गठन गऱ्यो । 'शहीद भनेर आमनागरिकले स्वीकार्न सक्ने व्यक्तिलाई मात्र घोषणा गर्नुपर्छ । एउटा पार्टीको शहीदलाई अर्कोले मान्दैन' इतिहासकार पन्त भन्छन्, 'यस्तो विषयमा विवाद हुनु राम्रो होइन ।'

चार शहीदको भने मृत्युदण्ड दिइएको अर्को वर्षदेखि नै बर्सेनि स्मरण थालिएको देखिन्छ । जेलमै रहेका प्रजा परिषद्का सदस्यहरूले मृत्युदण्ड दिइएको माघ १० देखि १५ सम्मको अवधिलाई १९९८ सालबाटै शहीद दिवसका रूपमा मनाउन थालेका थिए । प्रचण्ड गोरखाका सदस्य खड्गमान सिंहले लेखेको जेलमा २० वर्ष पुस्तकमा २००५ साल माघ १० र १६ गते जेलभित्र दीप प्रज्ज्वलन गरी शहीदको स्मरण गरिएको उल्लेख छ । औपचारिक रूपमा भने प्रजातन्त्र स्थापनाको पाँच वर्षपछि २०१२ सालदेखि तत्कालीन काठमाडौं नगरपालिकाले शहीद सप्ताह मनाउने परम्परा सुरु भयो, जुन अहिलेसम्म निरन्तर छ ।

चार शहीदको सम्झनामा झन्डै २० वर्षपछि पञ्चायती सरकारले सुन्धारामा स्मारक बनाएको थियो । सुरुमा नेपाल स्मारक भनिएको त्यही स्तम्भ अहिले शहीद गेटका नामले परिचित छ । सिभिल इन्जिनियर शंकरनाथ रिमालले डिजाइन गरेको यो स्मारक २०१८ वैशाख १ गते राजा महेन्द्रबाट उद्घाटन गरिएको थियो । बालकृष्ण समको निर्देशन र मूर्तिकार चन्द्रलाल मास्केको सिपमा शहीदहरूको सालिक बनाइएको थियो, जहाँ शहीदमाथि राजा त्रिभुवनको शालिक राखिएको छ ।

त्यो बलिदान

इतिहासकारहरूका अनुसार, १९९३ जेठ २० गते काठमाडौंको झोंछे ओमबहालस्थित धर्मभक्त माथेमाकी फुपु युगकुमारीको घरमा नेपालको पहिलो संगठित राजनीतिक दल स्थापना भयो । सो भेलामा टंकप्रसाद आचार्य, धर्मभक्त माथेमा, दशरथ चन्द, जीवराज शर्मालगायत सहभागी थिए । दशरथ चन्दको प्रस्ताव गरेअनुसार त्यस संगठनको नाम 'नेपाल प्रजा परिषद्' राखियो । यसै संगठनमार्फत राणा शासनविरुद्ध पर्चा वितरण, गोप्य बैठक र वैचारिक प्रचार सुरु भयो ।

प्राध्यापक राजेश गौतमको पुस्तक नेपालको प्रजातान्त्रिक इतिहासमा नेपाल प्रजा परिषद्को भूमिका (भाग-१)अनुसार प्रजा परिषद्को गतिविधि बढ्दै जाँदा राणा सरकारले करिब ५ सय जनालाई परिषद्सँग सम्बन्ध रहेको आरोपमा गिरफ्तार गऱ्यो । गिरफ्तार गरिएकामध्ये धर्मभक्त माथेमा, दशरथ चन्द, गंगालाल श्रेष्ठ र पूर्णनारायणलाई अंश-सर्वस्वसहित मृत्युदण्डको सजाय सुनाइयो । तर पूर्णनारायणको पद्म शमशेरसँग नाता परेकाले उनको सजाय घटाएर १८ वर्ष कैद मात्र तोकिएको गौतमले उल्लेख गरेका छन् ।

१९९५ सालमा इन्द्रचोकमा सार्वजनिक रूपमा गीता पाठ गर्दै 'नेपाल नागरिक समिति'का तर्फबाट भाषण गरेको आरोपमा शुक्रराज शास्त्री पक्राउ परेका थिए । तीन वर्ष जेल सजाय भोगिरहेका उनलाई पनि प्रजा परिषद्को पर्चा काण्डमा संलग्न रहेको भन्दै मृत्युदण्डको सजाय तोकियो । मृत्युदण्ड सुनाइएका चारै जनालाई १९९७ साल माघ दोस्रो साता काठमाडौंका विभिन्न स्थानमा फाँसी र गोली हानेर हत्या गरियो । यस घटनाले नेपाली समाजमा गहिरो हलचल पैदा गऱ्यो । नेपाली कांग्रेसलाई सशस्त्र क्रान्ति गर्न प्रेरित गऱ्यो । अन्ततः २००७ सालमा राणाशासनको अन्त्य र प्रजातन्त्र स्थापना सम्भव भयो ।

### दशरथ चन्द

१९६० साल असार १७ गते बैतडीको बस्कोटमा जन्मिएका दशरथ चन्दको परिवार पहिलेदेखि नै राणा विरोधी थियो । उनका हजुरबुवा जय चन्द जंगबहादुर राणाविरुद्धकै विद्रोहमा मारिएका थिए । भारतको अल्मोडा, कुमाउँ, नैनीताल र बनारसमा अध्ययनका क्रममा दशरथ चन्द पनि भारतीय स्वतन्त्रता आन्दोलनसँग जोडिए ।

काठमाडौं आएपछि उनी धर्मभक्त माथेमासँगै बस्न थाले । त्यहीबेला उनी रुद्र शमशेर राणासँग नजिकिएका थिए । यही क्रममा रुद्र शमशेरकी छोरी जुलियादेवीसँग उनको प्रेम सम्बन्ध सुरु भएको बताइन्छ । रुद्र शमशेरका नाति पुरुषोत्तम शमशेर जबराले आफ्नो पुस्तक मेरा जीवनका स्मृतिहरूमा जुलिया र दशरथबीच प्रेमपत्र आदानप्रदान भएको उल्लेख गरेका छन् । जुलियाको क्षयरोगबाट निधन भएपछि उनले काठमाडौंको पकनाजोलमा १३ दिन जुठोबारेका थिए । दशरथ चन्दले शहीद हुँदासमेत जुलियाले उपहारस्वरूप दिएको खास्टो ओढेको चर्चा इतिहासकारहरूले विभिन्न पुस्तकमा गरेका छन् ।

### शुक्रराज शास्त्री

१९५० सालमा बनारसमा जन्मिएका शुक्रराज जोशी 'शास्त्री' आर्य समाजका नेता माधवराज जोशीका छोरा थिए । चन्द्र शमशेरको पालामा कुटपिट र जेल सजाय भोग्नुपरेपछि उनको परिवार भारत बस्न थालेको थियो । शुक्रराजले भारतमै अध्ययन गरे । १९९४ साल मंसिर ६ गते उनको विवाह धर्मभक्त माथेमाकी बहिनी मेनकादेवी माथेमासँग भयो ।

शुक्रराज पक्राउ पर्दा उनकी श्रीमती मेनकादेवी गर्भवती थिइन् । जेल परेको केही दिनमै छोरी जन्मिइन्, तर सात दिनमै शिशुको मृत्यु भयो । एक महिनापछि मेनकादेवीको पनि निधन भयो । उनले अन्तिमपटक श्रीमान्को मुख हेर्ने अनुमति माग्दासमेत राणा सरकारले दिएन । १९९७ साल माघ १० गते फाँसी दिनुअघि शुक्रराजले नुहाएर गीता पाठ गरी आफैं डोरी समाउने इच्छा व्यक्त गरेका थिए । डर र भागदौडको क्षणमा पनि उनी डोरी समाएर उभिइरहेका थिए– यो नै उनको नैतिक साहसको प्रमाण मानिन्छ ।

### गंगालाल श्रेष्ठ

चार शहीदमध्ये सबैभन्दा कान्छा गंगालाल श्रेष्ठ २२ वर्षका मात्र थिए । १९७५ सालमा रामेछापको भँगेरीमा जन्मिएका उनले दरबार हाइस्कुल र त्रिचन्द्र कलेजमा अध्ययन गरे । १८ वर्षकै उमेरमा इन्द्रचोकमा सार्वजनिक राजनीतिक भाषण गरेर चर्चामा आएका गंगालाल जेल पर्दा उनकी पत्नी हसिनादेवी गर्भवती थिइन् । १९९७ साल माघ १३ गते छोरा जन्मिएपछि गंगालालले छोराको नाम 'शशि' राख्न सन्देश पठाएको राजेश गौतमले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् । छोरा जन्मिएको भोलिपल्ट माघ १५ गते बिहान करिब साढे १ बजे गंगालाल र दशरथ चन्दलाई शोभा भगवतीमा गोली हानी मृत्युदण्ड दिइएको थियो ।

### धर्मभक्त माथेमा

१९६६ साल असोज ६ गते काठमाडौंको नबहिलमा जन्मिएका धर्मभक्त माथेमा वीर शमशेरको दरबारसँग नजिकको परिवारका सन्तान थिए । बाबु आदिभक्त माथेमा राणा शासनमा उच्च पदमा रहे पनि राजनीतिक परिवर्तनसँगै परिवारको अवस्था फेरियो । धर्मभक्त रुद्र शमशेरसँगै काठमाडौं आएर बस्न थाले र पछि राजा त्रिभुवनका व्यायाम शिक्षकसमेत बने । उनका चेलामध्ये नर शमशेर पनि एक थिए, जसले पछि मृत्युदण्ड कार्यान्वयनको जिम्मेवारी पाए ।

१९९७ साल माघ १३ गते राति सिफलमा धर्मभक्तलाई फाँसी दिइँदा दुईपटक डोरी चुँडिएको थियो । इतिहासकार राजेश गौतमले लप्टन कृष्णबहादुर थापालाई उद्धृत गर्दै लेखेअनुसार, तेस्रो प्रयासमा नर शमशेरले क्रुरतापूर्वक कुटपिट गराएर अचेत अवस्थामै धर्मभक्तलाई फाँसी दिएका थिए ।

### मधेशमा...

नेता वीरेन्द्र सिंहले बताए । कांग्रेसको पकड रहेको सर्लाही-४ मा परम्परागत मतदाता रहेका छन् । पहाडी भूगोल र विपन्न बस्ती छन् । जातीय हिसाबले यादवको बाहुल्यता भएको यस क्षेत्रमा तीन यादव उम्मेदवार छन् । तीनै जना उम्मेदवारलाई जातीय रूपमा मत विभाजन हुने स्थानीय बताउँछन् । 'अमरेश कुमारको विगतको मत भनेकै गाछीको मत हो,' सर्लाही-४ 'क' का सांसद वीरेन्द्र सिंहले भने, 'यसअघि उनको व्यक्तिगत प्रभाव र कांग्रेसकै व्यक्ति हुँ भनेर जितेका हुन्, यसपटक त्यस्तो हुँदैन । पार्टी सभापति र भावी प्रधानमन्त्रीकै उम्मेदवार आएपछि यो क्षेत्रको माहोल नै परिवर्तवत भएको छ । गाछीले आरामले जित्ने हो ।' संगठनमा नलागेका स्विङ भोटमा भने बालेन प्रभाव देखिन्छ । रास्वपाले भावी प्रधानमन्त्रीको उम्मेदवार बनाएकाले बालेन शाहका पक्षमा असंगठित भोट रोक्न अरू दललाई कठिन छ ।

उता दलबदलमा माहिर खेलाडी शिवपुजन यादवको व्यक्तिगत प्रभाव जबर्जस्त रहेको नेताहरूले बताएका छन् । २०६४ मा तत्कालीन जनअधिकार फोरमबाट सर्लाही-४ मा निर्वाचित शिवपुजनले सबैजसो निर्वाचनमा निर्णायक मत होल्ड गर्छन् । आफ्नो राजनीतिक यात्रामा पूर्णविराम लागेपछि उनले २०७९ मा छोरीलाई मैदानमा उतारेका थिए । अमरेश सिंहले २० हजार १७ मत ल्याएर जित निकाल्दा शिवपुजनकी छोरी स्वतन्त्र उम्मेदवार मधुमालाकुमारी यादव १४ हजार ६ सय २२ मत प्राप्त गरेर तेस्रो स्थानमा आएकी थिइन् । यसपटक शिवपुजनले एमालेबाट छोरा अमनिशकुमार यादवलाई अगाडि सारेको अवस्था छ भने शिवपुजनकी छोरी मधुमाला पनि स्वतन्त्र उम्मेदवार बनेर मैदानमा छिन् । यसले आगामी निर्वाचनमा त्रिपक्षीय प्रतिस्पर्धा देखिए पनि कांग्रेस सभापति थापा भावी प्रधानमन्त्रीकै उम्मेदवार भएका र भूगोलको मत परम्परागत मतसमेत कांग्रेसकै बढी भएकाले गगनलाई सहज हुने विश्लेषण स्थानीय नेता कार्यकर्ताको छ ।

### कोरियामा...

साझेदारीका विविध पक्षमा विस्तृत र अर्थपूर्ण छलफल भएको नेपाली दूतावासले जनाएको छ । भेटमा राजदूत तुम्बाहाम्फेले नेपालमा कोरियाली लगानी भित्र्याउनु दूतावासको प्रमुख प्राथमिकता रहेको उल्लेख गर्दै नेपाली उत्पादनलाई कोरियाली बजारमा प्रवर्धन गर्ने वातावरण निर्माणका लागि आग्रह गरेकी छन् । नेपाली दूतावासका अनुसार राजदूत तुम्बाहाम्फेले हाल नेपाल लगानीयोग्य मुलुकका रूपमा अघि बढिरहेको र सरकारले लगानीमैत्री वातावरण सिर्जना गर्न नीतिगत तथा प्रक्रियागत सुधारलाई सरल र सहज बनाइरहेको हुँदा यी विषयहरू आफ्नो कन्सुलर क्षेत्रभित्रका सम्भावित लगानीकर्तालाई अवगत गराउन आग्रह गरिन् ।

दूतावासले निकट भविष्यमा ग्वाङ्जु क्षेत्रमा बृहत् लगानी सम्मेलन आयोजना गर्ने सोच राखेको र सोका लागि सम्भाव्य लगानीकर्ताहरूको पहिचान र पहल गर्न राजदूत तुम्बाहाम्फेले अवैतनिक वाणिज्यदूतलाई आग्रहसमेत गरिन् । सोही अवसरमा अवैतनिक वाणिज्यदूत सुन-ह्युन जिओनले ग्वाङ्जु क्षेत्रमा हालसम्म आफूले सम्पन्न गरेका गतिविधि, आफ्नो कार्यप्रगति तथा आगामी दिनमा नेपाल-कोरिया सम्बन्धलाई थप सुदृढ बनाउने योजना र पहलहरूबारे राजदूत तुम्बाहाम्फेलाई अवगत गराए ।

नेपालप्रति विशेष आत्मीयता राख्ने अवैतनिक वाणिज्यदूत सुन-ह्युन जिओन आफूलाई 'नेपालको छोरा' भन्न रुचाउँछन् । हालसम्म २१ पटक नेपाल भ्रमण गरिसकेका उनी २०७२ सालको भूकम्पका बेला पहिलो कोरियाली राहत टोलीको नेतृत्व गर्दै नेपाल आएका थिए । उनले कोरियाली चिकित्सकसहितको ठुलो टोली लिएर नेपालको उक्त विपद्को घडीमा उल्लेखनीय सहयोग पुऱ्याएका थिए । उनको उक्त योगदानले नेपाल-कोरियाबीचको जनस्तरीय सम्बन्धलाई थप बलियो बनाएको विश्वास व्यक्त गरिएको छ ।

### पोर्चुगलको...

आवेदन, १५ जनाको राहदानी वितरणलगायत अन्य सेवा गरी झन्डै एक सय जना नेपालीले सेवा लिएको दूतावासका नियोग उपप्रमुख शत्रुध्वनप्रसाद शर्मा पोखरेलले जानकारी दिए ।

पोखरेलका अनुसार शिविरबाट ७ हजार २ सय ८५ युरो अर्थात् झन्डै १२ लाख ७५ हजार रुपैयाँ राजस्व संकलन भएको छ । राहदानी नवीकरण तथा कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका पोर्तोवासी नेपालीको सहजताका लागि सोही स्थानमै पुगेर घुम्ती शिविरमार्फत सेवा प्रदान गरिएको उनले बताए । शिविरमा आएका सेवाग्राहीले पोर्तोमै दूतावासको सेवा पाउँदा सहज भएको भन्दै खुसी व्यक्त गरेको पोखरेलले बताए ।

शनिबार र आइतबार गरी दुई दिनसम्म सञ्चालन भएको शिविरमा राहदानीको म्याद सकिएका, राहदानीको म्याद एक वर्षभन्दा कम भएका, क्षति भएका, हराएका र बालबालिकाको विद्युतीय राहदानीका लागि आवेदन संकलन गरिएको थियो ।

यसअघि दूतावासले पोर्चुगलको फारो र मदेइरामा घुम्ती शिविर सञ्चालन गरेर त्यहाँ रहेका नेपालीलाई सेवा प्रदान गरेको थियो ।

# राष्ट्रपति पौडेलको जापान भ्रमण स्वीकृत, प्रहरीको रासन स्केल बढ्यो



**काठमाडौं/मस-** राष्ट्रपति रामचन्द्र पौडेल यही माघ १८ गते जापान भ्रमणमा जाने भएका छन्। बिहीबार बालुवाटारमा बसेको मन्त्रिपरिषद्को बैठकले उनी नेतृत्वको प्रतिनिधिमण्डलको भ्रमणन स्वीकृत गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिए।

अर्यालका अनुसार राष्ट्रपति पौडेल नेपाल र जापानबीचको कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औं वर्षगाँठको उपलक्ष्यमा आयोजित कार्यक्रममा सहभागी माघ १८-२१ गतेसम्म तीन दिने भ्रमणमा जान लागेका हुन्। बैठकले नेपाल प्रहरीको रासन रकम वृद्धि गर्ने निर्णय गरेको पनि उनले जानकारी दिए। उनले भने,'२०८२/११/१ गतेदेखि लागू हुनेगरी नेपाल प्रहरीको रासन स्केल र रासन बापतको दैनिक रकम वृद्धि गर्ने निर्णय गरिएको छ।' आगामी फागुन १ गतेदेखि लागू हुनेगरी रासन स्केल र दैनिक रकम वृद्धि गर्ने निर्णय गरिएको अर्यालको भनाइ छ।

# बिमाका लागि बजेट नै छैन : मन्त्री गौतम



**काठमाडौं/मस-**स्वास्थ्य तथा जनसंख्यामन्त्री डा.सुधा गौतमले बिमा कार्यक्रमका लागि महिनाको दुई अर्ब बढी रकम खर्च हुने स्थिति आएकाले रकम भुक्तानी गर्नसक्ने अवस्था नरहेको बताएकी छन्। गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रको ३० औं वार्षिकोत्सव कार्यक्रमलाई बिहीबार सम्बोधन गर्दै उनले चालु आ.व.मा बिमाका लागि छुट्याइएको रकम गत वर्षको ऋण तिरेर सकिएकाले चालु वर्षलाई बिमाका लागि बजेटनै नभएको बताइन्।

उनले बिमाका लागि विनियोजित बजेट भन्दा बढी रकम बिमामा दाबी हुन थालेको बताइन्। असीमित खर्च हुँदै गएकाले बिमाको रिफर्म जरुरी रहेको उनले उल्लेख गरिन्। बिमालाई सुधार गर्न जरुरी रहेको बताउँदै मन्त्री गौतमले त्यसका लागि मन्त्रालयले काम गरिरहेको बताइन्।

उनले आफूले बिमाको रकम तत्काल भुक्तानी गराउन निर्देशन दिइसकेको पनि उल्लेख गरिन्। उनले बिमाको भुक्तानी संघ, प्रदेश र स्थानीय सरकारको जिम्मेवारी हुने भनिएपनि संघ सरकारले मात्रै अहिलेसम्म हेरिरहेकाले बिमामा एकोहोरो बोझ परिरहेको जिकिर गरिन्। स्वास्थ्यकर कोषमा प्राप्त हुने रकम ऐनले नै २५ प्रतिशत स्वास्थ्य करलाई दिने भनेर किटेको भएपनि अहिलेसम्म प्राप्त गर्न नसकेको उनले बताइन्।

मन्त्री गौतमले सूर्तिजन्य पदार्थमा उठेको रकममध्ये २५ प्रतिशत रकम प्राप्त गर्दा मात्रै पनि बिमाको आर्थिक संकट ठुलो हदसम्म अन्त्य हुने बताइन्। बिमा अहिलेकै स्वरुपमा नचल्ने भन्दै रिफर गरेर स्वास्थ्य संस्थामा आएका बिरामीलाई मात्रै बिमाबाट सेवा दिनुपर्ने बताइन्।

# सर्वोच्चबाट टुंगिएपछि मात्र रविविरुद्धको आरोपपत्र संशोधन निवेदन पेस गर्न आदेश




**रुपन्देही/मस-** जिल्ला अदालत रुपन्देहीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेविरुद्ध पेस भएको आरोपपत्र संशोधनसम्बन्धी निवेदन सर्वोच्च अदालतमा विचाराधीन रिट निवेदनको टुंगो लागेपछि मात्र पेस गर्न सरकारी वकिललाई आदेश दिएको छ।

आरोपपत्र संशोधनको स्वीकृतिविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर भएकाले त्यससम्बन्धी अन्तरिम तथा अन्तिम आदेशको निर्णय भएपछि मात्रै जिल्ला अदालतले सरकारी पक्षबाट आएको निवेदनमाथि सुनुवाइ गर्ने जनाएको हो।

रुपन्देही जिल्ला अदालतले लामिछानेसहित प्रतिवादी रहेको संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा फिर्ता गर्ने विषयमा हालसम्म कुनै निर्णय नभएको स्पष्ट पारेको छ।

महान्यायाधिवक्ता सविता भण्डारीले गत पुस ३० गते रवि लामिछानेसहित प्रतिवादी रहेको संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोग फिर्ता लिने निर्णय गरेकी थिइन्। तर सहकारी ठगीसम्बन्धी मुद्दा भने यथावत् राखिएको छ।

लामिछानेविरुद्ध रुपन्देहीसहित कास्की, काठमाडौं र चितवन जिल्ला अदालतमा सहकारी ठगी, संगठित अपराध तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा दायर भएका छन्।

महान्यायाधिवक्ताको उक्त निर्णयविरुद्ध युवराज पौडेल (सफल) ले माघ २ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए।

# प्रहरी चारित्रिक प्रमाणपत्रमा केरमेट र थपघट गरेमा कारबाही

**काठमाडौं/मस-** गृह मन्त्रालयले प्रहरी चारित्रिक प्रमाणपत्रमा केरमेट र थपघट गरेमा कारबाही हुने स्पष्ट पारेको छ।

मन्त्रालयले विज्ञप्ति जारी गर्दै अपराधसम्बन्धी राष्ट्रिय अभिलेख व्यवस्थापन तथा प्रहरी चारित्रिक प्रमाणपत्र वितरण निर्देशिका, २०८० को प्रतिकूल हुने गरी प्रमाणपत्र उपलब्ध गराएको पाइएमा कारबाही हुने जनाएको हो। कानुन विपरीत काम कारबाही गरे/गराएमा त्यस्ता कामको विवरण नेपाल प्रहरीद्वारा जारी हुने चारित्रिक प्रमाणपत्रमा समेत उल्लेख हुने भएकाले वैदेशिक अध्ययन, भ्रमण तथा रोजगारीलगायतका कार्यमा जाँदा यसको प्रत्यक्ष प्रभाव पर्ने मन्त्रालयले जनाएको छ।

त्यस्ता कसूरजन्य कार्यमा संलग्न नहुन, मौजुदा कानुनी व्यवस्था, विधि र प्रक्रियाबमोजिम मात्र काम कारबाही गर्न, गराउन र सोबमोजिम नभएमा भविष्यमा यसको कारणबाट सम्बन्धित व्यक्तिलाई नै प्रतिकूल प्रभाव पर्नसक्ने मन्त्रालयले स्पष्ट पारेको छ।

# काठमाडौंमा लुटपाट र आतंक मच्चाउने १० जना पक्राउ



**काठमाडौं/मस-** प्रहरीले काठमाडौंमा रातिको समयमा लुटपाट र आतंक मच्चाउने १० जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसर काठमाडौंले बिहीबार पत्रकार सम्मेलन गरी उक्त लुटपाट र आतंक मच्चाउने १० जनालाई पक्राउ गरेर सार्वजनिक गरेको हो।

प्रहरीले बुधबारदेखि सर्च अपरेसन चलाएर उनीहरूलाई पक्राउ गरेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) रमेश थापाले जानकारी दिए। उनीहरूले जेनजी आन्दोलनपछि राति १२ बजेपछि बिहान ४ बजेसम्मको समयमा हिँड्ने व्यक्तिहरूलाई लक्षित गरेर लुटपाट गर्ने गरेको थापाले बताए। लुटपाट गर्ने गिरोहको नाइके विनय तामाङ रहेको उनले जानकारी दिए। उनकाअनुसार तामाङ जेनजी आन्दोलन अगाडि पनि बुढानीलकण्ठ क्षेत्रमा चोरी गरेको आरोपमा पक्राउ परी महाराजगञ्ज प्रहरीको हिरासतमा थिए। भदौ २४ मा उनी हिरासतबाट भागेका थिए। हिरासतबाट भागेपछि समूह बनाएर विभिन्न ठाउँमा लुटपाट गर्ने गिरोह गठन गरेर सक्रिय भएको उनले बताए।

बुधबार साँझदेखि बिहीबार बिहानसम्म सञ्चालन गरेको सर्च अपरेसनमार्फत उनीहरूलाई पक्राउ गरी कारबाहीको प्रक्रिया अगाडि बढाएको उनले जानकारी दिए। पक्राउका क्रममा दोहोरो झडप हुँदा प्रहरी र विनय तामाङ घाइते भएका छन्। हालसम्म उक्त गिरोहले स्वयम्भूमा ७ वटा, महाराजगञ्ज तथा बुढानीलकण्ठ क्षेत्र, बौद्ध क्षेत्र र गौशला क्षेत्रमा ३/३ वटा र ठिमीको क्षेत्रमा १३ वटा लुटपाट गरेको अनुसन्धानबाट खुलेको उनले जानकारी दिए।

उनीहरूविरुद्ध हालसम्म २७ वटा जाहेरी आएका छन्। पक्राउ पर्नेहरूमा विनयसँगै आयन माझी, मनिस रसाईली, सविन माझी, पेमा तामाङ, सलोन तामाङ, राजीव भण्डारी, विशाल तामाङ, विदुर विश्वकर्मा, फुर्वा तामाङ रहेका छन्। उनीहरूसँगबाट प्रहरीले ३ वटा मोटर साईकल, एउटा ट्याक्सी तथा सुनका गरगहना तथा नगद रुपैयाँ बरामद गरेको छ।

प्रहरीकाअनुसार पक्राउ परेका सबै जना विगतमा पनि चोरी र डाका मुद्दामा पक्राउ परेका व्यक्तिहरू रहेका छन्। महिलाहरूको कानको गहना लुस्ने र एकान्तमा मानिसहरूलाई लुटेर उनीहरू मोटरसाइकलमा भाग्ने गरेका थिए। लुटपाटमा संलग्नहरू काभ्रे, रामेछाप र सिन्धुली क्षेत्रका रहेका छन्।

# निर्वाचनसम्बन्धी सूचना प्रवाहमा जिम्मेवार बन्न आयोगको निर्देशन




**काठमाडौं/मस-** राष्ट्रिय सूचना आयोगले २१ फागुनको प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित बनाउन सूचना प्रवाहमा जिम्मेवार बन्न सरोकारवाला निकायहरुलाई निर्देशन दिएको छ।

आयोगले बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै निर्वाचनका क्रममा फैलिने भ्रामक, गलत तथा नियोजित सूचनाले लोकतान्त्रिक प्रक्रियामा गम्भीर असर पार्ने भन्दै सूचना प्रवाहलाई सत्य, तथ्य र यथार्थमा आधारित बनाउन सरोकारवाला सबै पक्षलाई दिर्नेशन दिएको हो। पत्रकार सम्मेलनमा बोल्दै आयोगका प्रवक्ता एवं सूचना आयुक्त गगन विष्टले सरोकारवालाले सार्वजनिक गर्ने निर्वाचनसम्बन्धी सूचना समयमै, सबैले बुझ्ने गरी सार्वजनिक गर्न सरकारलाई निर्देशन दिए।

उनले गलत र भ्रामक सूचनामाथि निगरानी तथा नियमन गर्न सम्बन्धित निकायलाई सक्रिय बनाइराख्न समेत सरकारलाई सचेत गराए। उनले निर्वाचन आयोगलाई मतदाता शिक्षा थप प्रभावकारी बनाउन, बहुभाषिक माध्यममार्फत सूचना प्रवाह गर्न तथा निर्वाचनसम्बन्धी ऐन, कानून, निर्देशिका र आचारसंहिता समयमै सार्वजनिक गर्न निर्देशन दिए।

उनले राजनीतिक दल र उम्मेदवारलाई आफ्नो उम्मेदवारबारे तथ्यमा आधारित सूचना मात्र प्रवाह गर्न, गालीगलौज, दुष्प्रचार, मिथ्या तथा भ्रामक सूचनाको प्रयोग नगर्न निर्देशन दिए।

उनले सम्बन्धित दलको निर्वाचनसम्बन्धी सूचना प्रवाह गर्न सूचना अधिकारी तोक्न समेत निर्देशन दिए।

उनले सञ्चारमाध्यमलाई निर्वाचनसम्बन्धी समाचार सम्प्रेषण गर्दा निष्पक्षता, सन्तुलन र समान पहुँचको सिद्धान्त पालना गर्न दिर्नेशन दिए।

उनले कुनै दल वा उम्मेदवारको प्रचार सामग्रीलाई समाचारका रुपमा प्रकाशन तथा प्रशारण नगर्न समेत सचेत गराए। उनले कुनैपनि उम्मेदवारको सशुल्क प्रचार प्रसार गर्न निर्देशन दिइएको छ। त्यस्तै, सर्वसाधारण नागरिकलाई सामाजिक सञ्जाल वा अन्य माध्यममा सूचना सेयर गर्नुअघि त्यसको स्रोत आधिकारिक र विश्वसनीय भएको यकिन गर्न, भ्रामक सूचना देखिएमा सम्बन्धित निकायमा जानकारी गराउन समेत उनले आग्रह गरे।

# प्रदेशसभाको हिउँदे अधिवेशन आह्वान गर्न सिफारिस




**विराटनगर/मस-** कोशी प्रदेश सरकारले प्रदेशसभाको आगामी हिउँदे अधिवेशन यही माघ २५ गतेका लागि आह्वान गर्न प्रदेश प्रमुखलाई सिफारिस गर्ने निर्णय गरेको छ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले आगामी माघ २५ गते दिउँसो २ बजेदेखि प्रदेशसभाको बैठक बोलाउने गरी सिफारिस गरिएको आन्तरिक मामला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीले जानकारी दिए।

बैठकका निर्णयहरूबारे जानकारी दिँदै मन्त्री पराजुलीले हाल प्रदेशसभाको आफ्नै भवन र सचिवालय निर्माणको क्रममा रहेकाले वैकल्पिक व्यवस्थास्वरूप विराटनगरस्थित वीरेन्द्र सभागृहमा अधिवेशन सञ्चालन गरिने जानकारी दिए। मासिक रु आठ लाख भाडा दिने गरी बैठक सञ्चालन गर्न लागिएको उनले बताए।

मन्त्रिपरिषद् बैठकले प्रदेशको विकास र कानुनी संरचनासँग सम्बन्धित अन्य छ वटा महत्वपूर्ण निर्णयहरू समेत गरेको छ। सरकारले मन्त्रिपरिषद् को कानुन, न्याय तथा प्रदेश मामिला समितिबाट परिमार्जित भइ आएको कोशी प्रदेश योजना आयोग गठन तथा सञ्चालन (गठन आदेश) २०८२ लाई स्वीकृत गरेको छ।

त्यसैगरी, प्रदेशमा कानुनी सहायतासम्बन्धी व्यवस्था गर्नका लागि कोशी प्रदेश कानुनी सहायता विधेयकको मस्यौदा तयार पार्न सैद्धान्तिक सहमति दिएको छ। बैठकले विकास आयोजनातर्फ नेपाल र जापान सरकारबीचको आपसी सहमतिमा सञ्चालित कोशी पम्प चन्द्रनहर सिँचाइ आयोजनामा प्रयोग हुने सवारी साधनलाई कर छुट दिने प्रस्ताव पारित गरेको छ।

ग्रामीण सडक सञ्जाल सुधार आयोजनालाई प्रभावकारी रूपमा सञ्चालन गर्न प्रदेश सरकारको तर्फबाट साढे १२ प्रतिशत म्याचिङ फण्ड उपलब्ध गराउने निर्णय भएको छ। यो कायक्रम अन्तर्गत संघीय सरकारले ७७ करोड पुँजीगत र चालु ७० लाख उपलब्ध गराएको छ। विपन्न नागरिकको आवासको अधिकार सुरक्षित गर्नका लागि कोशी जनता आवाससम्बन्धी मापदण्डसहितको कार्यविधि २०८२ लाई मन्त्रिपरिषद्ले स्वीकृति गरेको जनाइएको छ।

# 'भ्रष्टाचाररहित देश बनाउनु अबको प्राथमिकता'



**काठमाडौं/मस-** राष्ट्रिय सभाका सांसदहरूले भ्रष्टाचाररहित देश निर्माणलाई अबको प्रमुख राष्ट्रिय प्राथमिकता बनाउनुपर्ने बताएका छन्।

बिहीबार सिंहदरबारमा बसेको विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा बोल्दै सांसदहरूले सुशासन स्थापनाका लागि भ्रष्टाचार निर्मूल अपरिहार्य भएको स्पष्ट पारेका हुन्। सांसदहरूले गत भदौ २३ र २४ गते भएको युवा पुस्ताको आन्दोलनले समेत भ्रष्टाचारविरुद्ध कडा आवाज उठाएको स्मरण गराउँदै सबै नेपालीको चाहना भ्रष्टाचारमुक्त देश रहेको बताए।

उनीहरूले भ्रष्टाचार र घुस के हो भन्नेबारे स्पष्ट परिभाषा गर्दै नागरिकस्तरसम्म जानकारी पु-याउनुपर्ने आवश्यकता औंल्याए। राष्ट्रिय सभा सदस्य मदनकुमारी साहले सदाचार र इमान्दारिताको स्पष्ट परिभाषा आवश्यक रहेको बताइन्। उनले पेशागत इमान्दारिता र सांस्कृतिक सदाचारबारे स्पष्ट नहुँदासम्म नीति बनाएर मात्रै कार्यान्वयन सम्भव नहुने धारणा राखिन्। उनले भनिन्, 'घुस र भ्रष्टाचार के हो भन्नेबारे नै स्पष्ट बुझाउन सकिएन भने नीति बनाएर पनि कार्यान्वयन गर्न गाह्रो हुन्छ।' राष्ट्रिय सभा सदस्य रुक्मिणी कोईरालाले भ्रष्टाचाररहित देश सबैको चाहना भए पनि त्यसो हुन किन नसकेको हो भन्नेबारे गहिरो खोजी आवश्यक रहेको बताइन्। उनले विगतका सरकारका कामको मूल्यांकन गर्दै नेपाललाई 'ग्रे लिस्ट'बाट बाहिर निकाल्न गम्भीर प्रयास गर्नुपर्नेमा जोड दिइन्।

त्यस्तै, राष्ट्रिय सभा सदस्य सुमित्रा बिसीले सदाचार र असल समाज निर्माण नै सबैको साझा उद्देश्य भएको बताइन्। अदालत र अख्तियारमा मुद्दा वर्षौंसम्म नटुंगिने अवस्था अन्त्य गर्नुपर्ने बताउँदै नियम, कानून र कर्तव्य पालना नगर्नेलाई कडा कारबाही गर्नुपर्ने आवश्यकता औंल्याइन्। राष्ट्रिय सभा सदस्य किरणबाबु श्रेष्ठले नीति निर्माणभन्दा कार्यान्वयन कमजोर हुनु नै अहिलेको मुख्य समस्या भएको बताए। शपथअनुसार इमान्दारितापूर्वक कर्तव्य पालन गर्न सके देशलाई सही दिशामा लैजान सकिने उनको भनाइ थियो। शान्तिका अग्रदूत गौतम बुद्ध जन्मिएको देशमा २५ सय वर्षपछि सदाचार नीतिमाथि छलफल हुनुलाई उनले दुःखद् संयोगका रूपमा उल्लेख गरे।

बैठकमा अन्य सांसदहरूले सदाचार नीतिमा गैरसरकारी संस्था (एनजीओ/आईएनजीओ) को भूमिकाबारे पनि स्पष्ट व्यवस्था हुनुपर्ने सुझाव दिए। साथै, सञ्चारमाध्यमको प्रभाव, कार्यक्रम सहभागिता र सार्वजनिक आचरणबारे स्पष्ट मापदण्ड आवश्यक रहेको उनीहरूको भनाइ थियो।

**कतारमा रोजगार**

कम्पनी : H P INDUSTRIES
पूर्व स्वीकृत मितिः २०८२/१०/१५ चलानी नं.: ६०२५१५०५
शहरः DOHA
LT. No.: 338024

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ६८,३५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Foreman | 1 | 0 | | 2500 | १,००,५२५ | | | | | | | |
| 3. | Labour | 2 | 0 | | 1000 | ४०,२१० | | | | | | | |
| 4. | Landscape Techn. | 1 | 0 | | 1800 | ७२,३७८ | | | | | | | |
| 5. | Security Guard | 1 | 0 | | 1700 | ६८,३५७ | | | | | | | |
| 6. | Supervisor | 1 | 0 | | 2500 | १,००,५२५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २३ गते (6 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Gov. Lic. No.: 1405/074/075
Chandra Kamana Manpower Pvt. Ltd.
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01-4542876, 4538339, 9813013135/9851083561/9802358807/9802358802
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

मध्यान्ह
www.madhyanhadaily.com
१६ माघ २०८२ शुक्रबार
30 January 2026 Friday

## सम्पादकीय

# नभुल शहीदका सपना

आज शहीद दिवस । नेपालको राजनीतिक इतिहास शहीदको बलिदानसँग जोडिएको छ । स्वतन्त्रता, लोकतन्त्र र सामाजिक न्यायका लागि ज्यान आहुति दिने शहीदका सपना आज पनि राष्ट्रिय बहसको केन्द्रमा छन् । तर विडम्बना, शहीदका सपना पूरा गर्नेभन्दा पनि ती सपनामाथि राजनीति गर्ने प्रवृत्ति मौलाउँदै गएको छ । राणाशासनविरूद्ध लडेका चार शहीददेखि २०४६, २०६२/६३ र पछिल्ला आन्दोलनसम्म, सबै शहीदको मूल चाहना एउटै थियो- जनताले सम्मानपूर्वक बाँच्न पाउने नेपाल । शासन सत्ताको परिवर्तन मात्र होइन, उनीहरूले आममानिसको जीवनमा परिवर्तन खोजेका थिए । एकपछि अर्को आन्दोलन हुँदै गए, व्यवस्था फेरियो तर नागरिकले महसुस गर्नेगरी अवस्था बदलिन सकेको छैन । गृह मन्त्रालयका अनुसार नेपालमा साढे १४ हजारभन्दा बढी शहीद छन् । यति ठुलो बलिदानपछि पनि सुशासन कमजोर छ, भ्रष्टाचार व्यापक छ र युवाहरू रोजगारीका लागि बिदेसिन बाध्य छन् । शहीदका सपना अधुरा छन्, अलपत्र पारिएका छन् ।

हरेक वर्ष शहीद दिवसमा शहीदका तस्बिरमा माल्यार्पण हुन्छ, भाषणमा सपनाका कुरा दोहोरिन्छ । तर व्यवहारमा ती सपना कार्यान्वयन हुने नीति र इच्छाशक्ति दल एवं नेतृत्वमा देखिँदैन । शहीदको नाम लिएर सत्ता प्राप्त गर्नेहरू आफैं प्रश्नको घेरामा छन् । यसले शहीदको बलिदानप्रति नै अन्याय भएको अनुभूति गराउँछ । पछिल्लो समय जेनजी आन्दोलनमा ज्यान गुमाएका युवाहरूले पनि सुशासन, पारदर्शिता र अवसरको माग गरेका थिए । उनीहरू नयाँ अनुहारभन्दा नयाँ काम चाहन्थे । तर फेरि पनि बहस पात्रमा सीमित छ, एजेन्डा ओझेलमा परेको छ । शहीदले नयाँ नाम होइन, नयाँ नीति र इमानदार कार्यान्वयन खोजेका थिए ।

अब शहीदका सपना फेरि नारामा सीमित हुनुहुँदैन । भ्रष्टाचार नियन्त्रण, जवाफदेही शासन, गुणस्तरीय शिक्षा, रोजगारी र सामाजिक न्याय सुनिश्चित गर्नु नै शहिदप्रतिको साँचो श्रद्धाञ्जली हुनेछ । शहीदको सम्मान भाषणले होइन, परिणामले मात्र हुन्छ । शहीदका सपना इतिहासका पाना होइनन् । ती आज पनि अधुरा जिम्मेवारी हुन् । अब शहीदको नाममा राजनीति होइन, शहीदको सपना पूरा गर्ने इमानदार प्रयास आवश्यक छ । यही नै शहीदप्रतिको सच्चा सम्मान हुनेछ ।

# नारामा सीमित शहीद दिवस

*शहीद गेट निर्माण गर्दैमा, शहीदहरूको फोटोमा माल्यार्पण गर्दैमा, १ मिनेट मौनधारण गर्दैमा मात्रै शहीद दिवसको सार्थकता पूरा हुँदैन ।*

अग्रलेख



● विश्वनाथ खरेल

विश्वका हरेक राष्ट्रले आफ्ना वीर सपूत तथा शहीदहरूलाई उच्च कोटिमा राखी मूल्यांकन गर्दछन् । जसले राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र र जनताको पक्षमा जीवन समाप्त गर्छ, त्यस्तो व्यक्तिलाई नै शहीद भनिन्छ । यस अर्थमा भन्ने हो भने थोरै बाँचेर पनि आफ्नो अदम्य जोश, जाँगर, सौर्य, वीरता, रगत र पसिनाले मातृभूमिको सेवा गर्दै शहादत प्राप्त गर्ने व्यक्तिहरू नै शहीद हुन् । उनीहरू युगयुगान्तसम्म बाँचिरहन्छन् । नेपालको इतिहासलाई कोट्याउँदा बलभद्र कुँवर, भक्ति थापा, दशरथ चन्द, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, शुक्रराज शास्त्री आदिलाई सम्मानपूर्वक शहीदको रुपमा हेर्न सक्छौं ।

हाम्रो देशमा पनि यस्ता वीर शहीदहरू हजारौंको संख्यामा छन् । उनीहरूले नेपाली जनता र नेपाल आमाको खुसीका लागि आफ्नै खुसी त्यागेर जीवन अर्पण गरेका छन् । प्रत्येक वर्ष माघ १६ गते मनाइने शहीद दिवस राष्ट्रप्रेमीहरूका लागि अत्यन्त महत्वपूर्ण दिवस हो । तर उक्त दिवसको अवसरमा 'शहीदको बलिदानबाट प्रजातन्त्रको पुनःस्थापना भयो' भनेर मात्र फलाक्दैमा शहीदहरूप्रति राजनीतिक व्यक्तिहरूको कर्तव्य पूरा भएको मान्न सकिँदैन ।

शहीद गेट निर्माण गर्दैमा, शहीदहरूको फोटोमा माल्यार्पण गर्दैमा, एक मिनेट मौनधारण गर्दैमा मात्रै शहीद दिवसको सार्थकता पूरा हुँदैन । तिनै शहीदका परिवारहरू बिचल्लीमा परेर अत्यन्त दयनीय अवस्थामा बाँच्न बाध्य भएकोतर्फ हाम्रो ध्यान पुग्न सकेको छैन ।

खासगरी एक सय चार वर्ष लामो जहानियाँ राणा शासनको अन्त्य गरी प्रजातन्त्र स्थापना गर्न तथा ३० वर्षे निरंकुश पञ्चायती कालरात्रीलाई समाप्त गरी बहुदलीय व्यवस्था ल्याउन छातीमा गोली थापेर जीवन आहुति दिने वीर आत्माहरू नै सच्चा शहीद हुन् । शहीदहरूको सम्मान तथा संस्मरणस्वरूप सामाजिक तथा गैरसरकारी क्षेत्रबाट भएका प्रयासहरू सराहनीय छन् ।

राणा शासनविरुद्ध प्राण उत्सर्ग गर्ने चार महान् शहीद-गंगालाल, धर्मभक्त, दशरथ चन्द्र र शुक्रराज शास्त्रीलगायत ज्ञात-अज्ञात शहीदहरूको सम्झनामा मनाइने शहीद सप्ताह पञ्चायती व्यवस्थाविरुद्ध लड्ने शहीदहरूप्रति पनि समानान्तर रूपमा समर्पित हुनु आजको आवश्यकता हो ।

नेपालको इतिहास अध्ययन गर्दा थाहा हुन्छ- वि.सं. १९९७ साल माघको कठ्यांग्रिँदो जाडोमा शुक्रराज र धर्मभक्तलाई रुखमा झुन्ड्याइएको थियो भने दशरथ चन्द्र र गंगालाललाई बाँसमा बाँधेर ठाउँ-ठाउँमा गोली हानिएको थियो । त्यसअगाडि पनि राणा शासनको विरोध गरेकै कारण कृष्णलाल अधिकारी, खण्डमान सिंह, मैनाबहादुर खत्री आदि जेलमै वा बन्दी जीवनमा मृत्युवरण गर्न बाध्य भए । तर, सर्वप्रथम राजनीतिक दल गठन गरी संगठित क्रान्तिकारी गतिविधि सञ्चालन गरेको आरोपमा शहीद भएका उपर्यक्त चार जना नै थिए ।

जनसंघर्ष समयसँगै व्यापक बन्दै गएकाले देशव्यापी आन्दोलनका क्रममा सयौं कार्यकर्ताले जेलजीवनको यातना भोग्नुपर्‍यो । वि.सं. २००७ सालसम्म जेलहरू राजबन्दीहरूले भरिएका थिए । यसै संघर्षको फलस्वरूप राणा शासनको पतन भई प्रजातन्त्रको उदय भएको हो ।

वि.सं. २०१७ साल पुसदेखि २०४६ सालसम्म देशका विभिन्न भागमा शहादत प्राप्त गर्ने देशभक्तहरूको संख्या निरन्तर बढ्दै




गयो । सरकारी तथ्यांकअनुसार झापादेखि बैतडीसम्मका ४८ जिल्लामा शहीदहरूको संख्या २६८ पुगेको उल्लेख छ, तर पक्राउ परेका, थुनिएका, जेलभित्र वा बाहिर कुटपिट भई घाइते भएका व्यक्तिहरूको यथार्थ लेखाजोखा छैन ।

पञ्चायती व्यवस्थाको विरोधमा नेपाली कांग्रेस र संयुक्त वाममोर्चाको पहलमा देशव्यापी जनआन्दोलन सुरु भयो । वि.सं. २०४६ साल चैत २७ गतेदेखि २०४७ साल वैशाख १० गतेसम्म ८१ जना शहीद र एक हजारभन्दा बढी घाइते भएको तथ्यांक मानवअधिकार संस्थाले सार्वजनिक गरे पनि सरकारी तथ्यांक आजसम्म प्रकाशित भएको छैन । त्यसयता, १० वर्षे सशस्त्र युद्ध र दोस्रो जनआन्दोलनको समयमा ज्यान आहुती दिनेहरु पनि सयौंको संख्यामा छन् । सरकारले कतिलाई शहीदको सूचीमा राखेको छ भने कतिलाई राखेको छ ।

गत भदौ २३ र २४ गतेको जनआन्दोलनमा ७७ जनाले ज्यान गुमाए । उनीहरूमध्ये केहीलाई शहीद घोषणा गर्ने प्रयास वर्तमान सरकारले गरिरहेको छ । यस घटनाबाट राष्ट्रको ८५ अर्ब रुपैयाँभन्दा बढी भौतिक सम्पत्ति नष्ट भएको थियो । यस्ता वीर आत्माहरूको नामसम्म संकलन गर्न नसक्नु अत्यन्त दुःखद कुरा हो । अज्ञात शहीदहरूको खोजी गर्नु आजको आवश्यकता हो ।

यदि यी शहीदहरू नभएका भए आज पनि नेपालीहरूले जनअधिकार र स्वतन्त्रता पाउने थिएनन् । तिनले तानाशाही प्रवृत्तिसँग ज्यानको बाजी लगाएर संघर्ष नगरेको भए मुलुक आजको अवस्थामा पनि हुने थिएन । त्यसैले शहीदहरूको स्मृतिले हामीलाई कर्तव्यपथतर्फ डोऱ्याउँछ ।

आज देशमा व्याप्त अराजकता, स्वार्थीपन, भ्रष्टाचार, अनियमितता

> *यदि यी शहीदहरू नभएका भए आज पनि नेपालीहरूले जनअधिकार र स्वतन्त्रता पाउने थिएनन् । तिनले तानाशाही प्रवृत्तिसँग ज्यानको बाजी लगाएर संघर्ष नगरेको भए मुलुक आजको अवस्थामा पनि हुने थिएन ।*

र जनउपेक्षाले शहीदहरूले देखाएको बाटो हामीले बिर्सियौं कि भन्ने प्रश्न उठाएको छ । शहीदहरूको योगदानको चर्चा शहीद दिवसको एक दिनमा मात्र सीमित गर्दा उनीहरूको बलिदान जनमानसमा गहिरोसँग बस्न सक्दैन ।

त्यसका लागि शहीद स्मारक, शहीद पुरस्कार, शहीद आवासगृह, स्मारिका तथा पुस्तिका प्रकाशन, शहीदहरूको नाममा पार्क स्थापना जस्ता दीर्घकालीन कार्यक्रम आवश्यक छन् । शहीदका परिवार र सन्ततिलाई शिक्षा, रोजगार र सुशासनका अवसर प्रदान गर्नुपर्छ । उनीहरूको शैक्षिक विकासका लागि अक्षयकोष स्थापना गरिनुपर्छ । रेडियो नेपाल, नेपाल टेलिभिजन, पत्र-पत्रिका लगायत सञ्चार माध्यममार्फत शहीदहरूको भावना, उद्देश्य र योगदान सबैमा बोध गराउनु आवश्यक छ ।

समग्रमा भन्नुपर्दा, संसारका सबै राष्ट्रले आफ्ना वीर सपूत तथा शहीदहरूलाई उच्च सम्मानका साथ मूल्यांकन गर्दै आएका छन् । शहीदहरू पूजनीय र सबैका साझा सम्पत्ति हुन् । यस्ता अमूल्य सम्पत्तिको संरक्षण, सम्मान र कदर गर्नु सम्पूर्ण नागरिक र राजनीतिज्ञहरूको संयुक्त दायित्व हो ।

आजको प्रजातान्त्रिक वातावरणमा हामी सबैले प्रजातान्त्रिक चरित्र प्रदर्शन गर्दै शहीदहरूले देखाएको बाटोमा हिँड्न सकेमा मात्र शहीदप्रति साँचो सम्मान व्यक्त भएको ठहरिनेछ ।

## इतिहासमा आज

३० जनवरी २००६ मा अमेरिकाको गोलेटा हुलाक सेवामाथि एक बन्दुकधारीले अन्धाधुन्द गोलीबारी गरेको थियो, जसमा ७ जनाको मृत्यु भएको थियो । उक्त घटनाका अपराधीले पछि आत्महत्या गरेको थियो ।




३० जनवरी २००७ मा माइक्रोसफ्ट कर्पोरेसनले विन्डोज भिस्टा जारी गरेको थियो । जुन अपरेटिङ सिस्टम माइक्रोसफ्ट विन्डोज र एनटी आधारित प्रमुख विन्डोज हो ।




३० जनवरी २०१३ मा नारो-१ दक्षिण कोरियाद्वारा प्रक्षेपण गरिएको पहिलो क्यारियर रकेट बन्यो ।



३० जनवरी २०२० मा विश्व स्वास्थ्य संगठनले कोभिड-१९ महामारीलाई अन्तर्राष्ट्रिय चिन्ताको विषय भन्दै सार्वजनिक स्वास्थ्य आपतकाल घोषणा गरेको थियो ।




# परदेशीलाई नेपालप्रतिको आशा

ब्लग



● भोला थापा क्षेत्री

> *पुराना दलहरूले परदेशीका पीडालाई कहिल्यै गम्भीर रूपमा बुझेका छैनन् । उनीहरू सत्ता, स्वार्थ र सौदाबाजीमै सीमित रहे । यदि फेरि पनि हामी मौन बस्यौं भने ती शहीद बालबालिकाको आत्माले हामीलाई माफ गर्ने छैन ।*

